# *राहुल–यशोधरा* संवाद गीतिनाटकमा विरहका अवस्था

शालिकराम पौड्याल
उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, बुटवल
इमेल : paudyalshalikram@gmail.com

**लेखसार**

*प्रस्तुत लेखमा लालगोपाल सुवेदीको राहुल यशोधरा संवाद गीतिनाटकमा पाइने विरहका अवस्थाको विश्लेषण गरिएको छ । यसमा विवेच्य कृतिलाई आधारभूत सामग्रीका रूपमा र सैद्धान्तिक अध्ययनका लागि विविध सन्दर्भ सामग्रीलाई उपयोग गरिएको छ। दुवै प्रकृतिका स्रोतका सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । रससिद्धान्तअन्तर्गत व्यभिचारीभावमा रहेका भाव तथा साहित्यशास्त्रले स्वीकार गरेका विरहका दशओटा अवस्था अभिलाषा, चिन्ता, स्मृति, गुणकथन, उद्वेग, प्रलाप, उन्माद, जडता, व्याधि, मृत्युलाई आधार मानेर राहुल यशोधरा संवाद गीतिनाटककी मुख्य पात्र यशोधरामा पाइने विरहको अवस्थाको अध्ययन गरिएको छ । गीतिनाटकमा सिद्धार्थले ज्ञानप्राप्तिका लागि गृहत्याग गरेदेखि गृहप्रवेशसम्मका सन्दर्भमा यशोधराले भोगेको र बाँचेको जीवनमा विरहका अवस्थामा देखिएका छन् । शृङ्गार रसको वियोग पक्षमा हृदयको सूक्ष्म भाव तथा वृत्तिको प्रकाशन र प्रेमको शुद्ध रूपको प्रकटीकरण हुने भएकाले यसको परिष्कृत रूपमा विरहको अवस्था पाइन्छ । यस गीतिनाटकमा पनि यशोधराको सिद्धार्थसँग वियोग भएपछि उनको सम्झनामा रहेकी यशोधराको उनीप्रतिको आसक्तिमा विरहको अवस्था देखिएको छ । यस अध्ययनमा यशोधराका विरहका अवस्थालाई विवेच्य कृतिबाट सन्दर्भ दिई पुष्टि गर्ने प्रयास गरिएको छ ।*

**शब्दकुञ्जी :** अभिलाषा, गुणकथन, चिन्ता, व्याधि, स्मृति ।

## विषयपरिचय

लालगोपाल सुवेदी (२०२७) कविता लेखनका माध्यमबाट नेपाली साहित्यमा देखापरेका प्रतिभा हुन् । नेपाली विषयमा प्रथम श्रेणीमा प्रथम भई स्नातकोत्तर तह पूरा गरेका सुवेदीका *फूलको देशमा* (छन्दकविता सङ्ग्रह, २०५७), *नेपाली कविताको सिद्धान्त र विकासक्रम* (समालोचना, २०५७), *पुतलीलाई जामा* (बालकविता सङ्ग्रह, २०६१), *देवताजस्तै नेपाली मन्दिरजस्तै नेपाल* (बालकविता, २०६१), *नानीका निबन्ध र अभिव्यक्ति* (निबन्धसङ्ग्रह, २०६१), *केही निबन्ध केही अभिव्यक्ति* (निबन्धसङ्ग्रह, २०६१), *निबन्ध र अभिव्यक्तिकला* (निबन्धसङ्ग्रह, २०६१), *नेपाली बोधमाला* (भाग १, २ र ३, २०६१), *नेपाली व्याकरण, बोध, अभिव्यक्ति र साहित्य* (२०६४), *पानी, योगमाया र इन्द्रेनी* (काव्य, २०७१), *सबाल्टर्न पात* (काव्य, २०७२), *छायालाई माया नगर्नुहोस्* (गद्यकविता सङ्ग्रह, २०७२), *फूलका दुःख* (गीतसङ्ग्रह, २०७२), *भूगोलभन्दा माथि* (गीतसङ्ग्रह, २०७२), *अग्नि-आतङ्क* (छन्दोबद्ध कवितासङ्ग्रह, २०७२), *रोटीको दन्त्यकथा* (कवितासङ्ग्रह, २०७६), *बिक्रीमा पृथिवी* (कवितासङ्ग्रह २०७९) प्रकाशित रहेका छन् । उनको पछिल्लो प्रकाशित कृति *राहुल- यशोधरा* संवाद (गीतिनाटक २०७९) हो । लालगोपाल सुवेदीको *राहुल-यशोधरा* संवाद गीतिनाटक राहुलको जन्म, सिद्धार्थ गौतम बुद्धको गृहत्याग, ज्ञानप्राप्ति, यशोधराको विरहजन्य पीडा र मातृवात्सल्य, राहुलको स्वतन्त्रताको चाहना, सिद्धार्थको पुनरागमनसँग सम्बन्धित विषयलाई लिएर रचना गरिएको छ । यसमा नारीको त्याग, प्रेम र समर्पणलाई सशक्त रूपमा चित्रण गरिएको छ । बौद्ध मिथकलाई आधार बनाएर रचना गरिएको यस गीतिनाटकमा इतिहासमा उपेक्षिता नारी यशोधराको चरित्रलाई उद्घाटन गरिएको छ । यहाँ राहुल-यशोधरा संवाद गीतिनाटकको केकस्तो विरहको अवस्था रहेको छ भन्ने समस्यामा केन्द्रित भई यशोधराको जीवनमा पाइने विरहका अवस्थाको विश्लेषण गरिएको छ ।

रससिद्धान्तअन्तर्गत व्यभिचारीभावमा पाइने विरहका अवस्थाका बारेमा भरतमुनि, भामह, दण्डी, रुद्रट, मम्मट, विश्वनाथ, भानुदत्त, रामबोहरी शुक्ला, वेणीमाधव ढकाल, केशवप्रसाद उपाध्याय आदिले सैद्धान्तिक चर्चा गरेको पाइन्छ । यिनै विद्वान्हरूले गरेका सैद्धान्तिक अध्ययनलाई आधार मानेर *राहुल यशोधरा संवाद* गीतिनाटकको विरहको अवस्थाको अध्ययन गरिएको छ । हिन्दी साहित्यमा असर्फीलाल मिश्र (सन् २०१७) ले हिन्दी काव्यमा पाइने विरहको अवस्थाका बारेमा सामान्य चर्चा गरेका छन् । लालगोपाल सुवेदीको *राहुल यशोधरा संवाद* गीतिनाटकको सामान्य अध्ययन भए पनि उक्त कृतिमा पाइने विरहको अवस्थाका बारेमा अध्ययन नभएको परिप्रेक्ष्यमा यो अध्ययन उपयोगी देखिन्छ । साथै नेपाली समालोचनामा कृतिमा पाइने विरहको अवस्थाका बारेमा अहिलेसम्म अध्ययन हुन नसकेको हुँदा यसको उपादेयता स्पष्ट हुन्छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा लालगोपाल सुवेदीको *राहुल यशोधरा संवाद* गीतिनाटकलाई आधारभूत सामग्रीका रूपमा लिइएको छ । विरहको अवस्थाको अध्ययनका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूलाई सन्दर्भसामग्रीका रूपमा उपयोग गरिएको छ। यहाँ दुवै प्रकृतिको सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । गुणात्मक प्रकृतिको यस अनुसन्धानमा दुवै प्रकारका सामग्रीहरूको प्रयोग गरी *राहुल यशोधरा संवाद* गीतिनाटकमा पाइने विरहको अवस्थाको अध्ययन

गर्न रससिद्धान्तअन्तर्गत व्यभिचारी भावअन्तर्गतका विरहका अवस्थालाई विश्लेषणको सैद्धान्तिक अवधारणाका रूपमा प्रयोग गरिएको छ र कृतिपठनलाई केन्द्रमा राखी सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## विश्लेषणको सैद्धान्तिक आधार

'गीति' र 'नाटक' शब्दका बिचमा समास भएर 'गीतिनाटक' शब्द निर्माण भएको हो । गीतिकाव्य पूर्ण रूपमा श्रव्य विधा हो भने गीतिनाटक श्रव्य र दृश्य दुवैको मिश्रण भएको विधा हो । 'गै' मूल धातुमा 'क्तिन्' प्रत्यय जोडिएपछि बनेको 'गीति' शब्द र 'नट्+ण्वुल्+अक' निर्माण प्रक्रियाबाट बनेको 'नाटक' शब्दका बिचमा समास भएर 'गीतिनाटक' शब्द निर्माण भएको हो । यसले गीत र नाटक दुवैलाई सङ्केत गरे पनि नाटकलाई प्रधानता दिएको देखिन्छ (नेपाल, २०७८, असार १९) । गीतको सम्बन्ध नाटकसँग हुँदा गीतिनाटक निर्माण हुने सैद्धान्तिक परम्परा पाइन्छ । गीतिनाटक श्रव्य र दृश्य दुवैको मिश्रण हो । गीतिनाटकको प्राचीन स्वरूप खोज्न थाल्ने हो भने 'ऋग्वेद'सम्म पुग्नुपर्ने देखिन्छ । 'ऋक्'को अर्थ गायन हो । यसका साथै वैदिक पठनमा सार र स्वर दुवै हुने र वैदिक जनले शारीरिक हाउभाउका साथ उच्चारणगत आरोहअवरोहका माध्यमबाट मन्त्रहरूलाई प्रस्तुत गर्ने हुनाले समग्र वेदमा गीतिको मात्रा बढी र नाटकको मात्रा कम पाइन्छ (नेपाल, २०७८, असार १९) । गीतिनाटकमा जीवन र जगत्का जुनसुकै विषय, घटना वा कथावस्तुलाई लयात्मक तरिकाले प्रस्तुत गरिन्छ । गीतिचेतना, सङ्गीतचेतना र अभिनयले बाँधिएको श्रव्यदृश्यमूलक रचना नै गीतिनाटक हो ।

साहित्यमा प्रचलित नौरसमध्ये सर्वोत्कृष्ट रस शृङ्गारको परिष्कृत रूप विरहको वर्णनमा पाइन्छ । शृङ्गार रसको संयोग पक्षमा बाह्य चेष्टा तथा कामक्रीडाको अधिकता हुन्छ भने वियोग पक्षमा हृदयको सूक्ष्म भाव तथा वृत्तिको प्रकाशन र प्रेमको शुद्ध रूपको प्रकटीकरण हुन्छ (मिश्र, सन् २०१७, अप्रिल १२) । सामान्यतः वियोगका चारओटा रूप र दशओटा काम दशा हुन्छन् । चार रूपअन्तर्गत प्रथमानुराग, मान, प्रवास र करुण हुन् । प्रेमको प्रारम्भिक अवस्थामा नायक र नायिकाको विरहमा मिलनको सुखद कल्पना हुन्छ । यसलाई प्रथमानुराग भनिन्छ । नायक वा नायिकाको रुष्टताका कारण केही समयका लागि बिछोड हुने अवस्था मान विरह हो भने नायक वा नायिका टाढा हुँदा हुने विरहको अनुभूति प्रवास हो (मिश्र, सन् २०१७, अप्रिल १२) । नायक वा नायिकाको मृत्युका कारण उत्पन्न शोकको अनुभूति करुण हो । विरहको अवस्थाको वर्णन गर्ने परम्पराको थालनी ऋग्वेदको उर्वशी र पुरुरवा संवादबाट भएको देखिन्छ । महाभारतको नल दमयन्ती आख्यान, संवरण तथा कुमारी तप्ताको प्रणयाख्यान, कालिदासको कुमारसम्भव, मेघदूत, संस्कृत गद्यकाव्य वासवदत्ता, दशकुमारचरित, कादम्बरी आदिमा पनि विरहका विभिन्न अवस्थाको वर्णन गरिएको पाइन्छ । साहित्यशास्त्रले विरहका अभिलाषा, चिन्ता, स्मृति, गुणकथन, उद्वेग, प्रलाप, उन्माद, जडता, व्याधि, मृत्यु गरी दशओटा काम दशा वा अवस्था हुने अवधारणा राखेको छ ।

कुनै विषय वा वस्तूप्रतिको तीव्र चाहना, इच्छा, कामना, कुनै कुराप्रतिको आशा नै अभिलाषा हो । प्रिय व्यक्तिको अनुपस्थितिमा उसका गुण विरही व्यक्तिका मस्तिष्कमा आउनु गुणकथन हो । प्रिय व्यक्तिको अनुपस्थितिमा विरही व्यक्तिको मन बेचैन हुनु नै उद्वेग हो । आकस्मिक किसिमबाट इष्ट वा अनिष्ट प्राप्त हुँदा रिङ्गटा लाग्ने, हडबडाउनेजस्ता अभिलक्षण देखिने गर्दछन् । हडबडाउने प्रवृत्तिलाई

नै उद्वेग वा आवेग भनिन्छ (विश्वनाथ, सन् २००८, पृ. २५०) । यिनै लक्षणसँग सम्बन्धित भावलाई आवेग भनिन्छ । एक्कासि हर्ष र भयका कारण उत्पन्नहुने व्याकुलतालाई आवेग भनिन्छ (शुक्ल, सन् २००८, पृ. ६६) । धनञ्जय, हेमचन्द्र, रामचन्द्र, गुणचन्द्र, विश्वनाथ, विद्यानाथ आदि संस्कृत काव्यशास्त्रका चर्चित आचार्यहरूले कुनै विपत्ति आदिका कारण उत्पन्न हुने हडबडलाई नै आवेगका रूपमा लिएका छन् (भानुदत्त, सन् १९८८, पृ. ११३) । आकस्मिक किसिमबाट खुसी र दुःख आउँदा व्यक्तिमा देखिने हडबडलाई नै आवेग भनिन्छ । चिन्ताको अर्थ ध्यान हो । आफूले चाहेको विषयको प्राप्ति नहुँदा उत्पन्न हुने मलिन चित्तवृत्ति नै चिन्ता हो (ढकाल, २०६७, पृ. ६८) । ताप, वैवर्ण्य, अश्रु, श्वास आदि चिन्ताका अनुभाव बनेका हुन्छन् । आफ्नो चाहना पूरा नहुँदा उत्पन्न हुने भावलाई चिन्ता भनिन्छ (विश्वनाथ, सन् २००८, पृ. २७५) । आफूले इच्छाएको इष्टको अप्राप्ति हुँदा व्यक्तिको शरीरमा पीडा हुन्छ, अनुहार उदास बन्छ/ सास छिटोछिटो लिने प्रक्रिया चल्छ तथा व्यक्ति आँसु बगाउन पनि पछि पर्दैन । धनञ्जय, हेमचन्द्र, विश्वनाथ, विद्यानाथ आदि आचार्यहरूले ध्यानलाई नै चिन्ताका रूपमा चिनाएका छन् (भानुदत्त, १९८८, पृ. १०४) । वास्तविक रूपमा आफूले इच्छाएको इष्ट प्राप्त हुन नसक्दा देखिने तापलाई नै चिन्ता भन्न सकिन्छ । संस्कारजन्य ज्ञानलाई स्मृति भनिन्छ । कुनै पनि वस्तु देख्दा व्यक्तिको मनमा संस्कार उत्पन्न हुन्छ र त्यही संस्कारलाई नै स्मृति भनिन्छ । संस्कारबाट अभिव्यक्त ज्ञानलाई स्मृति भनिन्छ (ढकाल, २०६७, पृ. ६८) । देखेको वा चिनेको वस्तु कालान्तरमा स्मरणमा आउनुलाई स्मृति भनिन्छ । समान वस्तुको ज्ञान या चिन्ता आदि कारण उद्बुद्ध हुँदा स्मृति भाव उत्पन्न हुन्छ । समग्रमा पहिला नै परिचित भएको वस्तुका बारेमा हुने ज्ञानलाई स्मृति भनिन्छ । प्रिय व्यक्तिको अनुपस्थितिमा विरही व्यक्ति पीडाका कारण रुने अवस्थामा पुग्नु प्रलाप हो । विचार नगरी व्यवहार गर्नुलाई उन्माद भनिन्छ । काम, पीडा, शोक, भय आदिका कारण कुनै वस्तु वा व्यक्तिलाई अर्कै व्यक्ति वा वस्तुका रूपमा आभास गराउने चित्तको व्यामोह उन्माद हो (ढकाल, २०६७, पृ. ७०) । वियोग वा महाविपत्तिका कारण उत्पन्न हुने शोक वा हडबढी नै उन्माद हो (शुक्ल, सन् २००८, पृ. ६७) । सुखप्राप्त हुने किसिमबाट गरिने कामलाई भने उन्माद मानिँदैन । काम, क्रोध, भय आदिका कारण उत्पन्न हुने चित्तको विमूढतालाई नै उन्माद भनिन्छ (विश्वनाथ, सन् २००८, पृ. २६५) । परिणाम अर्थात् उचित अनुचितको विवेकविना नै कार्यमा उद्यत रहनुलाई उन्माद भनिन्छ । सबै प्रकारका व्यवहारमा असक्षमताको ज्ञान रहनु नै जडता हो । इष्ट वा अनिष्ट विषयको दर्शन एवं श्रवणबाट हुने किंकर्तव्यमूढता नै जडता हो (ढकाल, २०६७, पृ. ६९) । कुनै पनि काम गर्न आफूलाई असक्षम ठान्नु जडता हो । चिन्ताका कारण कार्यदक्षता कम हुनुलाई नै जडता भनिन्छ (मम्मट, सन् १९६०, पृ. १५६) । प्रिय तथा अप्रिय व्यक्ति तथा वस्तुको दर्शन हुनु जडता हो । आफ्नो नजिकको मानिस देख्दा मनमा उत्पन्न हुने अधिक प्रसन्नताका कारण जडता हुन्छ किनभने यस्तो अवस्थामा व्यक्ति कुनै काम गर्न योग्य हुँदैन । त्यसै गरी शत्रु तथा अनिष्टको दर्शनले व्यक्तिमा भय र उत्तजेना सञ्चार गराइदिन्छ र यस्तो अवस्थामा पनि जडता देखिने गर्दछ । बोल्न नसक्नु, एकोहोरिएर हेर्नु, प्रिय तथा अप्रिय छुट्याउन नसक्नु जडताका अनुभाव हुन् (भानुदत्त, सन् १९८८, पृ. ११४) । यस्तो अवस्थामा व्यक्ति बोल्न सक्दैन, दृष्टि एकोहोरिन्छ, अनि उसले अनिष्टकारक वस्तु पनि छुट्याउन सक्दैन । सबै प्रकारका काममा ज्ञानको अभाव हुने अवस्थालाई नै जडता भनिन्छ ।

विरहको पीडाका कारण उत्पन्न शारीरिक तथा मानसिक रोग व्याधि हो । रोग, विरह आदिका कारण उत्पन्न हुने मनको सन्ताप नै व्याधि हो (ढकाल, २०६७, पृ. ७०) । मानसिक चिन्ताका विषयका सूचना दिने ज्वरो आदि शारीरिक अशक्ततालाई नै व्याधिका रूपमा लिइन्छ । विरह आदिका कारण मनमा उत्पन्न सन्तापलाई नै व्याधि भनिन्छ (मम्मट, सन् १९६०, पृ. १५६) । भय, काम, क्लेश आदि व्याधिका विभावका रूपमा रहेका हुन्छन् । यसै गरी रिस पनि व्याधिको विभाव बनेको हुन्छ । दुब्लाउनु, शरीर कमजोर हुनु व्याधिका रूपमा प्रकट भएका हुन्छन् । व्याधिको कारणले व्यक्ति दुब्लाउँछ र शारीरिक रूपमा समेत कमजोर हुँदै जान्छ । प्राण निस्कनु वा मृत्यु हुनुलाई मरण भनिन्छ । शरीरसँग हुने प्राण वियोगलाई पनि मरण भनिएको पाइन्छ । तीव्र काम पीडा तथा एवं रोगव्याधिका कारण देखिने मृत्युको अवस्था मरण हो (ढकाल, २०६७, पृ. ७०) । बाणादिका कारण शरीर प्राणविहीन हुने अवस्था नै मरण हो । मूर्च्छा पर्नु वा प्राण निस्कनुलाई नै मरण भनिन्छ (मम्मट, सन् १९६०, पृ. १५६) । वास्तविक मरण भावशून्य हुने भएकाले मर्ने प्रयत्न गर्नु तथा अङ्गका माध्यमबाट मर्न लागेको अभिनय गर्नुलाई पनि मरणका रूपमा लिइन्छ । यस लेखमा पूर्वीय साहित्यशास्त्रले निर्धारण गरेका विरहका दशओटा अवस्था अभिलाषा, चिन्ता, स्मृति, गुणकथन, उद्वेग, प्रलाप, उन्माद, जडता, व्याधि, मृत्युलाई विश्लेषणको आधार बनाइएको छ । *राहुल यशोधरा संवाद* गीतिनाटककी नायिकामा प्रकट भएका अभिलाषा, चिन्ता, स्मृति, गुणकथन, उद्वेग, प्रलाप, उन्माद, जडता, व्याधि तथा मृत्युको अवस्था निरूपण गर्ने कार्य यस लेखमा गरिएको छ ।

## नतिजा र विमर्श

प्रस्तुत गीतिनाटककी नायिका यशोधराले विरह अवस्था भोग्नुपरेको छ । प्रस्तुत काव्यकी मुख्य पात्र यशोधराको चरित्रमा पाइने अभिलाषा, चिन्ता, स्मृति, गुणकथन, उद्वेग, प्रलाप, उन्माद, जडता, व्याधि, मृत्यु गरी दशओटा विरहका अवस्थाको विश्लेषण गरिएको छ ।

प्रस्तुत गीतिनाटक बौद्ध मिथकमा आधारित रहेको छ । यसको वस्तुको थालनी कपिलवस्तुको दरबारमा सिद्धार्थले आफ्ना भावनाको अभिव्यक्ति गरेसँगै भएको छ । गीतिनाटकको आरम्भमा सिद्धार्थले मान्छे जन्मदा मनुष्य स्वरूपमा भए पनि लोभ र मोहका बन्धनले पशुसरह भएको, मानिस जन्मँदा स्वतन्त्र भएर जन्मे पनि तृष्णाका कारण स्वतन्त्र हुन नसकेको आशय व्यक्त गरेका छन् । दुःखैदुःखले भरिएको जीवनमा लोभ र मोहले कहिल्यै नछोड्ने र पिरैपिरको भुङ्ग्रोमा बाँचिरहेको मान्छेले सुखानुभूति गर्न नसकेको कुरा सिद्धार्थले व्यक्त गरेसँगै गीतिनाटकको विषयको थालनी भएको छ (पौड्याल, २०८०, पृ. भूमिका) । यशोधरा र सिद्धार्थ एकै तिथि वैशाख पूर्णिमाका दिन जन्मेको प्रसङ्ग उल्लेख गर्दै सिद्धार्थको अनुहारमा खुसी हुन नसकेकामा यशोधराले सिद्धार्थलाई मनको द्वार खोल्न अनुरोध गरेकी छन् । पिरती श्वासप्रश्वास र मुटुको धड्कनजस्तै अनिवार्य हुने तथा स्वतःस्फूर्त रूपमा हुने पिरतीमा कुनै स्वार्थ नहुने धारणा सिद्धार्थले अभिव्यक्त गरेका छन् । उनले अहङ्कार नै सबैभन्दा ठुलो दुःख भएकाले आफूले दरबार छोडेर संसारका सबै मान्छेको दुःख निवारण गरी सुख ल्याउन चाहेको कुरा बताएका छन् । सिद्धार्थले यशोधरालाई दरबार छोड्नुपूर्व नै कारण बताएर त्यसको सङ्केतसमेत गरेका छन् । यशोधराले आफूहरूको जोडी ढुकुरको जस्तो प्रेमिल बनोस् र जीवन पुतलीको जस्तो फुर्फुर होओस् भन्ने इच्छा प्रकट गरे पनि सिद्धार्थले ढुकुरको प्रेमिल जोडी तथा पुतलीको फुर्फुर

अवस्था क्षणिक भएजस्तै यौवन, सुन्दरता क्षणिक हुने आशय प्रकट गरेका छन् । सिद्धार्थले मनमा अहङ्कार नजगाउन आग्रह गर्दै आफ्नो ज्ञान आर्जनको काममा बाधा नहाल्न यशोधरालाई अनुरोध गर्दा उनले ज्ञानले सुख ल्याउने र सबैको साझा हुने भए आफू बाधक नबन्ने धारणा व्यक्त गरेकी छन् । कपिलवस्तुको दरबारमा बिहानको सूर्योदयसँगै बालक राहुलको जन्म भएको छ । राजा शुद्धोदन र रानी गौतमीका मनमा राहुलको जन्मले खुसी ल्याएको छ र ग्रामवासीलाई महोत्सव गर्न आग्रह गरिएको छ । राहुलको जन्मले राजदरबारमा निकै खुसियाली छाएको छ, नवजात शिशुलाई सबैले पालैपालो काखमा लिएका छन् (पौड्याल, २०८०, पृ. भूमिका) । पुत्रको जन्मपश्चात् यशोधराले आफ्नो पुनर्जन्म भएको र सपना साकार भएको अनुभव गरेकी छन् । राहुलको जन्मले दरबारमा निकै खुसियाली सिर्जना भए पनि सिद्धार्थमा मौनता छाउँछ, निराशा देखिन्छ । यशोधराले सिद्धार्थलाई हृदय खोलेर बोल्न आग्रह गर्दा उनले पुत्रको जन्मले आफूलाई चिन्ता लागेको र यो पूर्वजन्मको साहु भएकाले यसको नाम राहु हो भन्दै पुत्रको नामकरणसमेत गर्छन् ।

पुत्रको जन्मलाई यशोधराले जीवन सार्थक भएको महसुस गरेकी छन् र पुत्र नै आफ्नो संसार भएको तथा पुत्रमाथि मातृत्वको ममता बर्साउँदा स्वर्गीय आनन्द प्राप्ति हुने धारणा प्रकट गरेकी छन् । सिद्धार्थ दरबार छोड्नुअगाडि पत्नी यशोधरा र पुत्र राहुलको अन्तिम दर्शन गरी बिदा माग्न मध्यरातमा यशोधराको खोपीनेर गएका छन् । पूर्वजन्ममा पनि आफ्नो जीवन सिद्धार्थलाई समर्पित गरेकी थिएँ भन्दै यशोधराले सदैव आफूले साथ दिइरहने र पतिको उद्देश्यमा आफू सहयोगी बन्ने विचार व्यक्त गरेकी छन् (पौड्याल, २०८०, पृ. भूमिका) । यशोधराले राम्रा कामका लागि नै सिद्धार्थले दरबार छोडेको भन्दै सम्हालिन अनुरोध गरेकी छन् र सिद्धार्थले पूर्वजन्मकै कारण वियोग भएकाले अर्को जन्म नहोस् भन्ने चाहेको कुरा आफूलाई बताएको सुनाउँछिन् । सिद्धार्थ गुरु बनेकाले आफूलाई चिन्ने कुरामा राहुलले संशय व्यक्त गर्दा यशोधराले सिद्धार्थ ठुला गुरु बनेर आउने र राहुललाई कोसेली ल्याइदिने कुरा व्यक्त गरेकी छन् । राहुलले मध्यरातमा एक्लै सुताएकामा आमा यशोधरासँग गुनासो गर्दा उनले राहुलको रक्षा गर्दै आफू परालको गुन्द्रीमा सुतेको बताएकी छन् । हजुरआमा गौतमीले सोह्र शृङ्गार गर्ने तर आमा यशोधराले मलिन अनुहार लगाएर बसेको देखेर राहुलले कारण सोधेका छन् । यशोधरा मनको ऐनामा सक्कली मुहार हेर्ने भएकाले मनमा पिर र ताप नभए पुग्ने भएकाले शृङ्गार नचाहिने बताउँछिन् । राहुलले एक छाक खाने, वितरागी हुने कारण सोध्दा यशोधराले छोरा साथमा भएकाले प्रेमको खडेरी नपर्ने, मधुवनकी चरीलाई गहना नचाहिने र मन सुन्दर भए कुनै शृङ्गार नचाहिने बताएकी छन् ।

शुद्धोदनले कपिलवस्तुका दरबार देखाउँदै धर्तीमा स्वर्गीय आनन्द पाइने यी दरबारमा सिद्धार्थ राजा र राहुल राजकुमार बनेको हेर्न चाहने इच्छा भएको तथा सिद्धार्थ राजा हुन नमाने राहुललाई राजा बन्नुपर्ने कुरा प्रकट गरेका छन् । राहुलले पिता र माताको चाहना र भावना बुझेर मात्र काम गर्ने बताउँदै आफूलाई केटाकेटीको संसार रमाइलो लाग्ने बताएका छन् (पौड्याल, २०८०, पृ. भूमिका) । पुत्र राहुल र माता यशोधरा अलगअलग बर्को ओढेर सुतेका छन् । राहुलले बर्को हटाएर आमाको हात समाउँदा, गाला सुम्सुमाउँदा, गालामा गाला जोड्दा यशोधराले सपना देख्छिन् र सिद्धार्थसँग यौनक्रीडाको अनुभूति गर्छिन् । राहुलले ब्युँझाउँदा यशोधरालाई सपनाको आभास हुन्छ । यशोधराले आफू बुद्धको बाटो पछ्याएर ज्ञानी बन्ने र राहुलकी आमा भएकाले आमामा प्रेमिका नखोज्न भनेकी

छन् । राहुलले आफूलाई बाबुको माया चाहिएको, बाबुको पिठ्युँमा चढेर हट् घोडा हट् भन्ने अधिकार चाहिएको बताउँदा यशोधराले सिद्धार्थको खोपी, टोपी, झ्यालको पर्दा देखाउँदै सम्झाउने प्रयत्न गर्छिन् र बुबाको काख सम्झेर आमाको छातीमा खेल्न आग्रह गरेकी छन् । यशोधराले सिद्धार्थ बिहानको सूर्यझैँ आउने आशा देखाएकी छन् । शुद्धोदनले बिहानमा अगेनामा आगो भर्भराएको र कागले सुबोल गाएकाले सिद्धार्थ आउने आशा राखेका छन् । यशोधराले सपनामा शिरमा कमलको फूल लगाएको र स्वामी सिद्धार्थ कपिलवस्तु गएको समाचार पाएको बताउँछिन् (पौड्याल, २०८०, पृ. भूमिका) । शुद्धोदनले झुपडीमा सिद्धार्थ भिक्षाम् देही भन्दै कमण्डलु थापेर भिक्षा मागेको देख्नुपरेकामा पीडाबोध गरेका छन् । शुद्धोदनले सिद्धार्थको दर्शन गर्न राहुलसँग आउन आग्रह गरेका छन् । यशोधराले पतिको कमाइ झोपडीको भिक्षा र सर्वजनको मनमा बस्नु रहेछ, ज्ञानको शरण पर्नेलाई दरबारमा फर्काउन सकिँदैन भन्ने धारणा व्यक्त गरेकी छन् । यशोधराले परिवार बिर्सनेको पछिपछि लागेर आफ्नो आत्मस्वाभिमान गिराउन नचाहने बताउँदै विश्वास भए यही आउने र पत्नी तथा छोरो देख्न पाउने छन् भनेकी छन् । यशोधराले आफूले पनि ज्ञानको आराधना गरेको र सत्चरित्रमा बसेको, प्रेमीसामु आँखाको आचमनीले अश्रुजल चढाउन चाहेको बताएकी छन् । सिद्धार्थ यशोधराको खोपीमा पुग्छन् । राहुलले बाबुलाई नमस्कार गर्छन् र पहिलो पटक भेट भएकामा खुसी व्यक्त गर्छन्, उपहार के छ भनी माग्छन् । सिद्धार्थले राहुललाई अँगालोमा लिन्छन् । कमण्डलुबाट कमलको फूल झिकेर हातमा राखिदिन्छन् र राहुललाई कमण्डलु दिन्छन् । सारिपुत्रले महान् उपहार भन्दै आकाश र धर्तीभन्दा ठुलो उपहार, मनको भन्दा धनको ठुलो हुन्न संसार भन्दै प्रशंसा गरेका छन् । निर्वाण प्राप्तिपछि कपिलवस्तुको दरबारमा प्रवेश गरेका सिद्धार्थले आफ्नो पुत्र राहुललाई कमलको फूल र कमण्डलु प्रदान गरी उत्तराधिकार प्रदान गरेका छन् र यस घटनासँगै गीतिनाटकको वस्तुको विश्राम भएको छ । यही वस्तुयोजनाका केन्द्रीयतामा रहेर मुख्य पात्र यशोधराका चरित्रमा पाइने विरहका अवस्थाको विश्लेषण गरिएको छ ।

## अभिलाषा

प्रस्तुत गीतिनाटकमा सिद्धार्थले मनमा अहङ्कार नजगाउन आग्रह गर्दै आफ्नो ज्ञान आर्जनको काममा बाधा नहाल्न यशोधरालाई अनुरोध गर्दा उनले ज्ञानले सुख ल्याउने र सबैको साझा हुने भए आफू बाधक नबन्ने धारणा व्यक्त गरेकी छन् :

ज्ञानले सुख ल्याउँछ भने सबैको होस् साझा
स्वतन्त्र छौ पन्छीजस्तै, बन्दिनँ म बाधा । (*राहुल यशोधरा संवाद,* पृ. ३४)

यशोधराले सिद्धार्थलाई हृदयबाट प्रेम स्वीकार गर्न, मुटुको धड्कन सुनेर पिरती बुझ्न आग्रह गर्दै आफ्नो गर्भमा पति सिद्धार्थको नासो हुर्किरहेको बताएकी छन् । यशोधराले पति सिद्धार्थबाट पिरती चाहेको कुरालाई यसरी प्रकाश पारिएको छ :

मनले भन्छ स्वामीराजा बिन्ती हाँस न
दाहिने हात देब्रे छातीमाथि राख न
गीतजस्तै सुन राजा धुकधुक धुक्धुकी
मुटुसँगै धड्किराछ हाम्रो पिरती (*राहुल यशोधरा संवाद,* पृ. ३५)

सिद्धार्थले ज्ञानको खोजीका लागि गृहत्याग गरे पनि उनी फर्केर आउने आशा राखी यशोधराले कर्तव्य निर्वाह गरेकी छन्। यशोधराले दुःखले सताए पनि पतिसुखको कामना गरेकी छन्, पतिका इच्छा पूरा होऊन् भन्ने चाहेकी छन् र फेरि फर्केर आऊन् भन्ने आशा राखेकी छन्। उनले शुद्धोदनलाई सिद्धार्थ भागेर जानुको कारण राम्राका लागि भएकाले धैर्य गर्न अनुरोध गरेकी छन् :

सिद्धार्थ भागे एक्कासि
दुनियाँ भन्छ किन हो ?
सम्झनुहवस् महाराज
राम्रैका लागि हुन हो। (*राहुल यशोधरा संवाद*, पृ. ४४)

सिद्धार्थ गुरु बनेकाले आफूलाई चिन्ने कुरामा राहुलले संशय व्यक्त गर्दा यशोधराले सिद्धार्थ ठुला गुरु बनेर आउने र राहुललाई कोसेली ल्याइदिने कुरा व्यक्त गरेकी छन्। उनले सिद्धार्थ घर फर्केर आउने र पत्नी तथा पुत्रलाई भेट्ने आशा र विश्वास राखेकी छन् :

मेरो विश्वास रैछ भने उनी यहीँ आउने छन्
प्राणप्यारी श्रीमती र छोरो देख्न पाउने छिन् (*राहुल यशोधरा संवाद*, पृ. ८५)

यसप्रकार यस गीतिनाटकमा सिद्धार्थले गृहत्याग गरे पनि यशोधराले उनको आगमन हुने आशाा प्रकट गरेकाले अभिलाषाको अवस्था देखिन्छ।

## चिन्ता

प्रस्तुत गीतिनाटकमा यशोधराले पति सिद्धार्थ वनमा कुशल छन् वा छैनन् भन्ने विषयमा चिन्ता लिएकी छन्। कहिले अतीतका बारेमा त कहिले भविष्यका बारेमा चिन्ता लिएकी छन्। पुत्र राहुलको पालनपोषणको जिम्मेवारी वहन गर्दागर्दै पनि सिद्धार्थका बारेमा चिन्तित देखिन्छिन्। विरहिणी नारी, राजभोगबाट वञ्चित यशोधरा केवल राहुल र सिद्धार्थको चिन्तामा बाँचेकी छन् :

राहुल छोराको मुहार पछ्यौरीले ढाकेथेँ
कोल्टे पारी आफैँलाई नेपथ्यमा राखेथेँ
उनको शुभ साइतको मैले बाधा फुकाएँ
हामी आमा छोराको आँसु जम्मै लुकाएँ (*राहुल यशोधरा संवाद*, पृ. ४२)

यसप्रकार यशोधराको मनमा विरह हुँदा चिन्ता उत्पन्न भई उनले सिद्धार्थको वियोगमा निरन्तर चिन्तन वा ध्यान गरेको पाइन्छ।

## स्मृति

प्रस्तुत गीतिनाटकमा पुत्र राहुलले सुतेको वेलामा आमा यशोधराको हात समात्दा, गाला सुमसुम्याउँदा उनले सिद्धार्थको सम्झना गर्नु र उनीसँग क्रीडा गरेको सपना देख्नु स्मृति हो। पुत्र राहुल र माता यशोधरा अलग अलग बर्को ओढेर सुतेका छन्। राहुलले बर्को हटाएर आमाको हात समाउँदा, गाला सुम्सुमाउँदा, गालामा गाला जोड्दा यशोधराले सपना देख्छिन् र सिद्धार्थसँग यौनक्रीडाको अनुभूति गरेकी छन् :

लाग्न थाल्यो काउकुती के भएको आज
मुखमा मुख जोड्छन् चरा मलाई लाग्छ लाज
नसमाऊ हात मेरा लाज लाग्छ मलाई
नखेलाऊ कपाल मेरो लाज लाग्छ मलाई (*राहुल यशोधरा संवाद,* पृ. ६९)

राहुलले ब्युँझाउँदा यशोधरालाई सपनाको आभास हुन्छ। दरबारबाहिरको चौर र चौतारोमा रहेको घैँटोको सङ्लो पानीमा आफ्नै छाया देख्दा सिद्धार्थलाई सम्झन्छिन् :

राहुल छोरो सपनीमा सिद्धार्थझैँ भयो
पन्ध्र वर्षभन्दा पहिले मेरो मन गयो
विगतका कुरा जम्मै सपनाझैँ हुने
चलचित्र हेरेजस्तै लाग्छ पूर्व जुनी। (*राहुल यशोधरा संवाद,* पृ. ७०)

यसप्रकार विरही यशोधराका मनमा प्रिय व्यक्ति सिद्धार्थको सम्झना आइरहनु स्मृति हो।

**गुणकथन**

प्रस्तुत गीतिनाटकमा यशोधराले सिद्धार्थको अनुपस्थितिमा उनका गुणको वर्णन गरेर शान्तिको अनुभूति गरेकी छन्। राहुलसँग खोपी, टोपी, झ्यालको पर्दा, काख, सिद्धार्थ गुरु बनेका आदिका सन्दर्भ बताएर उनले सिद्धार्थको गुणको बखान गरेकी छन् :

बाबा छन् यही धर्तीमै
खोपीमा प्रतिच्छाया छ
सिद्धार्थ सम्झनाहरू छन्
बाबाको अमूल्य माया छ (*राहुल यशोधरा संवाद,* पृ. ७६)

यशोधराले आफू बुद्धको बाटो पछ्याएर ज्ञानी बन्ने र राहुलकी आमा भएकाले आमामा प्रेमिका नखोज्न भनेकी छन्। राहुलले आफूलाई बाबुको माया चाहिएको, बाबुको पिठ्युँमा चढेर हट् घोडा हट् भन्ने अधिकार चाहिएको बताउँदा यशोधराले सिद्धार्थको खोपी, टोपी, झ्यालको पर्दा देखाउँदै सम्झाउने प्रयत्न गर्छिन् र बुबाको काख सम्झेर आमाको छातीमा खेल्न आग्रह गरेकी छन्। यशोधराले सिद्धार्थ बिहानको सूर्यझैँ आउने आशा देखाएकी छन् :

बोकेर खुसी र उज्यालो
बिहानको सूर्यझैँ आउने छन्
चन्द्रमाजस्तै गोलाकार
पापाझैँ पापा ल्याउने छन्
पाउने छौँ बाबुको लाड र प्यार
त्योभन्दा ठुलो अमूल्य
के होला अर्को उपहार ? (*राहुल यशोधरा संवाद,* पृ. ७८)

यसप्रकार यशोधराले आफ्ना प्रिय व्यक्ति सिद्धार्थ नहुँदा उनका गुणको बखान गरेकाले गुणकथनको अवस्था देखिन्छ।

**उद्वेग**

प्रस्तुत गीतिनाटकमा सिद्धार्थले गृहत्याग गरेपछि उनी फर्केर नआउँदासम्म यशोधरामा बेचैन देखिएको छ । यशोधरालाई कुनै वेला अधिक कष्टको अनुभव भएको छ । यशोधराले सिद्धार्थसँगको बिछोड नदीको दुई किनाराजस्तो भएको, आफू घरको न घाटको भएको र जीवन नहाँसी अधुरो प्रीतिमा बितेर जाने पीडा पनि अभिव्यक्त गरेकी छन् :

डोरीका दुई पोया छन् जीवन सँगी सँगिनी
नदीका दुई किनारझैँ जीवन यात्रा भयो नि । (*राहुल यशोधरा संवाद*, पृ. ४७)

यसप्रकार विरही यशोधराको मन सिद्धार्थको अभावमा बेचैन हुनु नै उद्वेग हो ।

**प्रलाप**

आफ्नो प्रियजनको अनुपस्थितिमा विरही व्यक्ति पीडामा पुगेर रुने अवस्थामा पुग्नु प्रलाप हो । गौतमी र यशोधराका बिचमा भएको संवादमा यशोधराको प्रलापको अवस्था भेटिन्छ :

बित्दछ जीवन नहाँसी अधुरो यस्तो प्रीतिमा
एउटै बिरही गीत बज्यो दुईओटा भिन्नै वीणामा । (*राहुल यशोधरा संवाद*, पृ. ४७)

**उन्माद**

प्रस्तुत गीतिनाटकमा यशोधरा विक्षिप्त हुनु र उचित अनुचित कुरामा ध्यान नदिनु उन्माद हो । यशोधराले पुत्र राहुलको सुमसुम्याइ र स्पर्शलाई सिद्धार्थको आलिङ्गन ठान्नु तथा सिद्धार्थले चुम्बन गरेको ठान्नु नै उन्मादको अवस्था हो :

बटुवाले देख्न सक्छन् नखाऊ नखाऊ म्वाइँ
धुकधुकी बढ्यो झनझन नखाऊ नखाऊ म्वाइँ
बढ्छ मनमा गुलगुदी के भएको आज
फूल चुस्ने भमरा त्यो मलाई लाग्ने लाज । (*राहुल यशोधरा संवाद*, पृ. ६९)

यसरी विरहका कारण विरही यशोधरा विवेकहीन अवस्थामा पुग्नु उन्माद हो ।

**जडता**

प्रस्तुत गीतिनाटकमा यशोधराको अनुहार मलिन हुनु, दुब्ली हुँदै जानु जडताको अवस्था हो । राहुलले यशोधराको अवस्था देखेर चिन्ता व्यक्त गर्ने सन्दर्भमा यशोधराको जडताको अवस्था प्रतिबिम्बित भएको छ :

मैले बुझ्नै सकिनँ
किन वितरागी छौ ?
खान्छ्यौ दिनमा एकै छाक
ज्यान सुकेर आधी छौ । (*राहुल यशोधरा संवाद*, पृ. ६९)

विरह वेदनाका कारण विरही यशोधराको शारीरिक अवयव जड भएकाले जडताको अवस्था देखिन्छ ।

## व्याधि

प्रस्तुत गीतिनाटकमा यशोधराले सपनामा क्रीडाको जुन अनुभूति गरेकी छन् त्यो मानसिक रोग हो । हजुरआमा गौतमीले सोह्र शृङ्गार गर्ने तर आमा यशोधराले मलिन अनुहार लगाएर बसेको देखेर राहुलले कारण सोधेका छन् । यशोधरा मनको ऐनामा सक्कली मुहार हेर्ने भएकाले मनमा पिर र ताप नभए पुग्ने भएकाले शृङ्गार नचाहिने बताउँछिन् । राहुलले एक छाक खाने, वितरागी हुने कारण सोध्दा यशोधराले छोरा साथमा भएकाले प्रेमको खडेरी नपर्ने, मधुवनकी चरीलाई गहना नचाहिने र मन सुन्दर भए कुनै शृङ्गार नचाहिने बताएकी छन् :

मनकै सुन्दर परीलाई
किन पो मलमल पछ्यौरी
किन पो ढुङ्गी मडबरी
किन पो सुनटिकी चन्द्रमा ?
किन पो शृङ्गार खजाना ? (*राहुल यशोधरा संवाद,* पृ. ६१)

यसप्रकार विरहको पीडाका कारण यशोधरामा उत्पन्न शारीरिक तथा मानसिक रोगव्याधिको अवस्था हो ।

## मरण

व्यक्ति लामो समयसम्म विरहको अवस्थामा रहँदा मृत्युको सम्भावना हुनु मरण हो । यस गीतिनाटकमा मृत्यु नभए पनि यशोधराको कष्टप्रद अवस्थालाई यसअन्तर्गत राख्न सकिन्छ । प्रस्तुत कृतिमा सिद्धार्थले गृहत्याग गरेपछि एकल बनेकी यशोधराले मरेतुल्य भएर जीवन बाँच्नुपरेको छ । यसप्रकार प्रस्तुत गीतिनाटकमा यशोधराको विरहको वर्णन सशक्त रूपमा गरिएकाले यस कृतिलाई विरह गीतिनाटकका रूपमा पनि लिन सकिन्छ ।

## निष्कर्ष

लालगोपाल सुवेदीद्वारा रचित राहुल-यशोधरा संवाद गीतिनाटक यशोधराको विरहजन्य पीडा र मातृवात्सल्य, यशोधराको प्रेम, त्याग र समर्पण, राहुलको बालमनोविज्ञान, उदार नारीवाद आदि विषयलाई लिएर रचना गरिएको छ । यस गीतिनाटकमा इतिहासमा उपेक्षिता नारी यशोधराको चरित्रलाई उद्घाटन गरिएको छ । बौद्ध मिथकमा आधारित यस नाटकमा यशोधराको विरहको अवस्था, उनको साहस र कर्तव्यपरायणतामार्फत यशोधराको चरित्रलाई प्रस्तुत गरिएको छ । प्रस्तुत गीतिनाटकमा यशोधराले सिद्धार्थसँग वियोग भए पनि उनी फर्केर आउने र पुनर्मिलन हुने विश्वासको सन्दर्भमा अभिलाषा, गृहत्याग गरेका सिद्धार्थको बारेमा यशोधरा चिन्तित भएको अवस्थामा चिन्ता, सिद्धार्थसँग वियोग भए पनि उनको सम्झना आइरहनु र सपनामा समेत देख्नुमा स्मृति, सिद्धार्थको विशेषताको वर्णनमा गुणकथन, यशोधराले अधुरो पिरतीमा बँच्नुपरेको पीडामा उद्वेग, यशोधराको मानसिक रुवाइमा प्रलाप, यशोधराले छोरा राहुललाई पति ठानी सुमसुम्याउनुमा उन्माद, यशोधरा शारीरिक रूपमा कमजोर हुनुमा जडता, यशोधराको मानसिक विचलनमा व्याधि र यशोधराले सिद्धार्थसँगको वियोगलाई मृततुल्य ठान्नुमा मरणको अवस्था पाइन्छ । यसरी विरहका सबै अवस्था प्रस्तुत गीतिनाटककी प्रमुख चरित्र यशोधरामा पाइने भएकाले *राहुल यशोधरा संवाद* कृतिलाई विरह गीतिनाटकका रूपमा लिन सकिने निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची


ढकाल, वेणीमाधव (२०६७). *काव्यदीपिका* (दोस्रो संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

दण्डी (सन् १९५८). *काव्यादर्श.* आचार्य रामचन्द्र मिश्र (व्याख्या.). चौखम्बा विद्याभवन ।

नेपाल, देवी (२०७८, असार १९). गीतिनाटक के हो र कसरी लेखिन्छ ?. *साहित्य पोस्ट.* http//sahityapost.com

न्यौपाने, टङ्कप्रसाद (२०४९). *साहित्यको रूपरेखा* (दोस्रो संस्क.). साझा प्रकाशन ।

पौड्याल, शालिकराम (२०८०). *राहुल यशोधरा* गीतिनाटकको पर्यवेक्षण. *राहुल यशोधरा संवाद.* काठमाडौँ : आवरण प्रकाशन ।

भानुदत्त (सन् १९८८). *रसतरङ्गिणी.* उर्मिला शर्मा (टिका.). परिमल प्रकाशन ।

भामह (सन् १९६३). *काव्यालङ्कार.* देवेन्द्रनाथ शर्मा (व्याख्या.). विहार राष्ट्रभाषा परिषद् ।

मम्मट (सन् १९६०). *काव्यप्रकाश.* श्रीनिवास शास्त्री (व्याख्या.). साहित्य भण्डार ।

मिश्र, असर्फीलाल (सन् २०१७, अप्रिल १२). हिन्दी काव्य मे विरहकी अभिव्यक्ति. *काव्यदर्पण.* http//llalm1943pblogpost.com.

रुद्रट (सन् १९६५). *काव्यालङ्कार.* सत्यदेव चौधरी (व्याख्या.). वासुदेव प्रकाशन ।

विश्वनाथ (सन् २००८). साहित्यदर्पण (१-६). *लोकमणि दाहाल* (टीका.). चौखम्बा सुरभारती प्रकाशन ।

शुक्ल, रामबोहरी (सन् २००८). *काव्यप्रदीप* (एकतिसौँ संस्क.). लोकभारती प्रकाशन ।

सुवेदी, लालगोपाल (२०७९). *राहुल यशोधरा संवाद.* आवरण प्रकाशन ।